apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




● वर्षः १२ ● अंकः २५७ ● पृष्ठः ४ ● १६ असोज २०८३ शुक्रबार (02 October 2026. Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## सिरहामा १ हजार १०२ किलो गाँजा बरामद, बोलेरो र मोटरसाइकल छाडेर चालक तस्कर फरार

**शुभ नारायण कामती**
**सिरहा, असोज १५ गते**



सिरहाको सुखीपुर नगरपालिका-१०, विश्वकर्मा चोकस्थित गागन खोलाको पुलबाट सशस्त्र प्रहरीले ठूलो परिमाणमा प्रतिबन्धित लागुऔषध गाँजा बरामद गरेको छ।

सशस्त्र प्रहरीका अनुसार बुधबार राति करिब १२:३६ बजे विशेष सूचनाका आधारमा गरिएको चेकजाँचका क्रममा २६ बोरामा रहेको १ हजार १०२ किलो ६५५ ग्राम गाँजा बरामद गरिएको हो।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाका अनुसार गाँजा बा.१४ च २९४ नम्बरको फुलबडी बोलेरो र स.६ प ४८५९ नम्बरको अपाचे मोटरसाइकलमा राखेर लैजाँदै गरिएको थियो।

सशस्त्र प्रहरीको टोलीलाई देखेपछि गाँजा बोकेको बोलेरो र मोटरसाइकल छाडेर त्यसमा संलग्न व्यक्ति फरार भएको प्रहरीले जनाएको छ। प्रहरीले दुवै सवारीसाधनसहित गाँजा नियन्त्रणमा लिएर नं. ७ गण हेडक्वार्टर सिरहामा ल्याएको छ।

विशेष सूचनाका आधारमा गण हेडक्वार्टर सिरहाबाट सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा १५ जना, सुरक्षा बेस गोलबजारबाट सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा सात जना र सुरक्षा बेस सुखीपुरबाट सशस्त्र प्रहरी नायब निरीक्षकको कमाण्डमा सात जना गरी २९ जनाको टोली परिचालन गरिएको थियो। बरामद गाँजा तथा सवारीसाधन आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा बुझाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरीले जनाएको छ।

## राजीव खत्रीले पत्रकारलाई 'असनको साँढे' भनेकोमा महासंघको विरोध

### क्षमा माग्न र संसदको रेकर्डबाट हटाउन माग

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १५ गते**



राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट प्रतिनिधिसभा सदस्य राजीव खत्रीले पत्रकारिता क्षेत्र र नेपाल पत्रकार महासंघलाई जोडेर दिएको अभिव्यक्तिप्रति नेपाल पत्रकार महासंघले आपत्ति जनाएको छ।

महासंघले प्रेस विज्ञप्तिमार्फत खत्रीको अभिव्यक्ति पत्रकारिता क्षेत्रको अपमान हुने खालको रहेको भन्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको हो।

महासंघका अनुसार असोज १४ गते बसेको प्रतिनिधिसभा बैठकमा खत्रीले प्रेस काउन्सिललाई लक्षित गर्दै 'पत्रकार हुन् कि गुण्डा' भन्दै 'पत्रकारको नाममा कसैलाई पनि असनको साँढ बन्ने छुट हुँदैन' भन्ने अभिव्यक्ति दिएका थिए।

महासंघका नेताहरूले दलहरूको दलदलमा पसेर गुण्डागर्दीको भाषा बोल्नु आपत्तिजनक रहेको भन्ने खत्रीको अभिव्यक्तिलाई महासंघले अशोभनीय, अमर्यादित र अराजक भनेको छ।

महासंघले खत्रीको उक्त अभिव्यक्तिप्रति खेद व्यक्त गर्दै तत्काल क्षमायाचना गर्न आग्रह गरेको छ। विवादित अभिव्यक्तिका कारण खत्रीले शुक्रबारका लागि राखेको अन्तर्क्रिया भक्तपुरका पत्रकारहरूले बहिष्कार गर्ने जनाउ दिएको भन्दै महासंघले तत्काल क्षमा माग्नुपर्ने जनाएको छ।

त्यस्तै, महासंघले खत्रीको अभिव्यक्ति प्रतिनिधिसभाको रेकर्डबाट हटाउन सभामुखसँग माग गरेको छ। संवैधानिक अधिकारको ख्याल नगरी प्रेसविरुद्ध दूषित मानसिकता राखेर पत्रकार तथा प्रेस जगत्लाई धम्क्याउने वा अपमानित गर्ने कार्यमा संलग्न खत्रीलाई कारबाहीको दायरामा ल्याउन सम्बन्धित पक्षसँग महासंघले माग गरेको छ।

## दुर्गा प्रसाईंको रिहाइको माग गर्दै ढल्केवरमा प्रदर्शन




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज १५ गते**

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंको रिहाइको माग गर्दै धनुषाको ढल्केवरमा प्रदर्शन गरिएको छ।

मेडिकल व्यवसायीसमेत रहेका अभियानका संयोजक प्रसाईंलाई सोमबार भक्तपुरस्थित निवासबाट साइबर ब्युरोले पक्राउ गरेको थियो। सोहीको विरोधमा बिहीबार उनका समर्थकहरुले ढल्केवरमा नाराबाजी गर्दै प्रदर्शन गरेका हुन्। उनीहरुले 'दुर्गा प्रसाईंलाई रिहा गर, राज्य आतंक बन्द गर, १४ बुँदे सहमति लागू गर, लगायतका नारा लगाउँदै ढल्केवर बजार परिक्रमा गरेका थिए।

नागरिकको पक्षमा आवाज उठाएकै कारण दुर्गा प्रसाईंलाई तर्साउन राज्यले पटक पटक थुनामा राख्दै आएको अभियानका जनकपुर जोनल इन्चार्ज हरिदेव महतोले जानकारी दिए। उनले दुर्गा प्रसाईंको रिहाई नभएसम्म आफूहरुको आन्दोलन जारी रहने उनले बताए।

रास्वपा सांसद रचना खतिवडाविरुद्ध दिएको अभिव्यक्तिको विषयलाई लिएर प्रसाईंलाई सोमबार पक्राउ गरिएको थियो। उनको पक्राउ विरुद्ध परेको रिटमा बुधबार सर्वोच्च अदालतले पक्राउ गर्नुको कारण पेस गर्न आदेश गरिसकेको छ। न्यायाधीश हरि फुयालको इजलासले प्रसाईंलाई पक्राउको कारण ४८ घण्टाभित्र पेस गर्न नेपाल प्रहरीको साइबर ब्युरोको नाममा कारण देखाऊ आदेश जारी गरेको थियो।

## राजविराजमा मन्त्रीको अनुगमन छड्के, बिग्रिएको तेल प्रयोग गर्ने उद्योगलाई जरिवाना

**अपन दैनिक संवाददाता**
**राजविराज, असोज १५ गते**



मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोसहितका संयुक्त बजार अनुगमन टोलीले सप्तरीको राजविराज बजारका उद्योग र होटेलमा छड्के अनुगमन गरेका छन्। टोलीले मिलन बेकरी एण्ड स्वीट्स तथा डेरी उद्योग, शिवम् डेरी उद्योग र यम्मी स्वीट्समा बुधबार छड्के अनुगमन थिए।

मिलनमा प्रयोग गर्न नमिल्ने अवस्थाका खाने तेल (पीटीएम प्रतिशत २४ भन्दा बढी) भेटिँदा ३५ लिटरजति तेल नष्ट गरेर १० हजार रुपैयाँ जरिवाना गरिएको सहायक प्रमुख जिल्ला अधिकारी ओमप्रकाश महतोले बताए।

'सो तेल प्रयोग गरेर बनाइएको वस्तु खाँदा उपभोक्ताको स्वास्थ्यमा असर पर्ने भएकाले तेल नष्ट गरेर हामीले ठाउँको ठाउँ कारबाही गरेका छौं,' उनले भने, 'हामीले सचेत गराउँदै आवश्यक निर्देशन पनि दिएका छौं, अब उपरान्त पनि त्यस्तो पाइए थप कानुनका प्रक्रिया अघि बढाउँछौं।'

उनकाअनुसार उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम सो जरिवाना गरिएको छ भने प्रयोगशाला पनि सुधार गर्न सुझाव दिइएको हो। शिवम् डेरी उद्योगले खुला प्लाष्टिकमा खुवा राखेको भेटिएपछि ८/१० पोका खुवा नष्ट गरिएको छ।

छड्केमा यम्मी स्वीटस् कर्नरमा पनि बिग्रिन लागेको अवस्थाका खाने तेल भेटिएको थियो। त्यहाँ पनि २० लिटरजति तेल नष्ट गरिएको छ।

यम्मी र शिवम् डेरी सञ्चालकलाई पनि सचेत गराइएको छ। छड्केपछि मन्त्री महतोले बजार अनुगमनका कार्यलाई निरन्तरता दिन निर्देशन दिए। 'उपभोक्ताको स्वास्थ्यसँग खेलबाड गर्नेमाथि कारबाही गर्न कुनै अवस्था सम्झौता हुनु भएन,' उनले भने, 'व्यवसायी र उद्योगीलाई पनि गम्भीर बन्न आग्रह छ।'

## सर्पले टोकेपछि स्कुटर चलाएर अस्पताल पुगे, उचित उपचार नपाउँदा ज्यान गुमाए

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज १५ गते**

जनकपुर प्रादेशिक अस्पतालमा उचित उपचार नपाएर सर्पदंशबाट एक युवकले ज्यान गुमाएका छन्। जनकपुरधाम उपमहानगरपालिका-१४ मुजेलियाका २५ वर्षीय महेश यादवले ज्यान गुमाएका हुन्।

परिवारका अनुसार महेशलाई मंगलबार राति साढे १२ बजे सर्पले टोकेको थियो। सर्पले टोकेको थाहा पाएलगत्तै आफै स्कुटर चलाएर

बाँकी पृष्ठ ४ ▸▸




## सिरहामा सशस्त्र प्रहरीले सीमाबाट १२ लाखभन्दा बढी मूल्यका पटाका नष्ट

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १५ गते**



सशस्त्र प्रहरी बल नेपालले सिरहाका विभिन्न सीमा नाकाबाट बरामद गरेको १२ लाख रुपैयाँभन्दा बढी मूल्यका पटाका नष्ट गरेको छ।

सशस्त्र प्रहरीले विभिन्न सीमा क्षेत्रबाट बरामद गरेको कुल १२ लाख ३८ हजार ५५० रुपैयाँ मूल्य बराबरका पटाका बिहीबार दिउँसो नष्ट गरेको हो।

सशस्त्र प्रहरी बल नेपाल अस्थायी मनसुन प्रतिकार्य सुरक्षा बेस, सिरहाको परिसरमा खाल्डो खनी स्थानीय जनप्रतिनिधि, नेपाल प्रहरी तथा स्थानीयवासीको रोहबरमा पटाका नष्ट गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

दसैं, तिहारलगायतका चाडपर्व नजिकिएसँगै भारतबाट विभिन्न सीमा नाका हुँदै चोरी-निकासी गरी नेपाल भित्र्याइएका पटाका नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। बरामद गरिएका ती पटाका कानुनी प्रक्रियाअनुसार नष्ट गरिएको हो। चाडपर्वलाई लक्षित गर्दै सीमा क्षेत्रमा निगरानी र सुरक्षा व्यवस्था थप कडा पारिएको सशस्त्र प्रहरीले जनाएको छ।

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### पालिकाको खाता बन्द, चौतर्फी असर

चालु आर्थिक वर्ष सुरु भएको दुई महिनाभन्दा बढी समय बितिसक्दा पनि सिरहाका १७ स्थानीय तहमध्ये १० वटा पालिकाको बैंक खाता सञ्चालनमा आउन नसक्नु गम्भीर प्रशासनिक विषय हो । यो बैंक खाता खोल्ने वा सञ्चालन गर्ने प्राविधिक प्रक्रिया पूरा हुन नसकेको अवस्था मात्र होइन, यसले स्थानीय सरकारको आर्थिक अनुशासन, प्रशासनिक क्षमता र जनताप्रतिको जवाफदेहितामाथि नै प्रश्न उठाएको छ। कोष तथा लेखा नियन्त्रक कार्यालय सिरहाका अनुसार सिरहा, लहान, धनगढीमाई र मिर्चैया नगरपालिका तथा विष्णुपुर, नरहा, अर्नमा, औरही, नवराजपुर र भगवानपुर गाउँपालिकाको बैंक खाता अझै सञ्चालनमा आएको छैन्। यसको अर्थ यी स्थानीय तहले चालु आर्थिक वर्षको सार्वजनिक स्रोतलाई नियमित प्रक्रियाबाट परिचालन गर्नमै कठिनाइ भोगिरहेका छन्। अर्कोतर्फ सखुवानन्कारकट्टी, बरियारपट्टी, लक्ष्मीपुर पतारी, कर्जन्हा, कल्याणपुर, सुखीपुर र गोलबजारले भने आवश्यक प्रक्रिया पूरा गरी खाता सञ्चालनमा ल्याइसकेका छन्। यसले समस्या कानुन वा प्रणालीमा मात्र नभई सम्बन्धित पालिकाको प्रशासनिक तत्परतामा पनि रहेको देखाउँछ।

स्थानीय तहलाई जनताको सबैभन्दा नजिकको सरकार मानिन्छ । जनताले आफ्नो दैनिक जीवनसँग जोडिएका सेवा, विकास निर्माण, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य, सरसफाइ, पूर्वाधारलगायतका कामका लागि स्थानीय सरकारबाट अपेक्षा गरेका हुन्छन् । तर आर्थिक वर्ष सुरु भएको लामो समयसम्म पालिकाको आर्थिक कारोबार नै व्यवस्थित रूपमा सञ्चालन हुन नसक्नुले ती अपेक्षामाथि प्रत्यक्ष असर पार्छ। बैंक खाता सञ्चालन नहुँदा कर्मचारीको तलबभत्ता, विकास निर्माणका योजना, सेवा तथा कार्यक्रम सञ्चालनलगायतका काम प्रभावित हुने अवस्था आउँछ। अझ महत्वपूर्ण कुरा, बजेट पारित गरेर मात्र स्थानीय सरकारको जिम्मेवारी पूरा हुँदैन्। बजेट कार्यान्वयन गर्न आवश्यक प्रशासनिक र वित्तीय प्रक्रिया समयमै पूरा गर्नु पनि निर्वाचित जनप्रतिनिधि तथा प्रशासनको समान जिम्मेवारी हो। त्यसैले आर्थिक वर्ष सुरु हुनुअघि नै पूरा गर्नुपर्ने कानुनी र प्रशासनिक प्रक्रिया दुई महिनाभन्दा बढी समयसम्म किन पूरा हुन सकेन ? कुन तहमा समस्या अड्किएको छ ? नगरप्रमुख वा गाउँपालिका अध्यक्षको कार्यालयमा ? प्रमुख प्रशासकीय अधिकृतको तहमा ? लेखा शाखामा ? वा आवश्यक निर्णय र अधिकार प्रत्यायोजनमै ? यस्ता प्रश्नको स्पष्ट जवाफ जनताले पाउनुपर्छ। स्थानीय तहमा राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व दुवै हुन्छन्।जनप्रतिनिधिले नीति, कार्यक्रम र बजेट पारित गर्ने मात्र होइन, त्यसको प्रभावकारी कार्यान्वयनका लागि प्रशासनलाई आवश्यक वातावरण निर्माण गर्नुपर्छ। प्रमुख प्रशासकीय अधिकृत तथा सम्बन्धित कर्मचारीले पनि प्रचलित कानुन र वित्तीय कार्यविधिअनुसार आवश्यक प्रक्रिया समयमै अघि बढाउनुपर्छ। जिम्मेवारी एकअर्कामाथि थोपरेर समस्या समाधान हुँदैन्।

यस्ता प्रशासनिक ढिलाइको प्रत्यक्ष मूल्य जनताले तिर्नुपर्छ। पालिकाको आन्तरिक समस्या वा प्रक्रियागत कमजोरीका कारण कर्मचारीले तलब नपाउने, विकासका योजना अघि नबढ्ने, सेवा तथा कार्यक्रम रोकिइरहने अवस्था आयो भने त्यसको जवाफदेही को हुने ? जनताले निर्वाचित गरेको स्थानीय सरकारबाट यसको जवाफ अपेक्षित छ। सार्वजनिक स्रोत परिचालनमा कानुनी प्रक्रिया अनिवार्य छ। कानुन मिचेर खाता सञ्चालन गर्नुपर्छ भन्ने होइन्। तर कानुनले तोकेको प्रक्रिया समयमै पूरा नगर्नुलाई पनि सामान्य प्रशासनिक कमजोरी भनेर पन्छ्याउन मिल्दैन्। वित्तीय अनुशासन भनेको खर्च गर्न नदिनु मात्र होइन, स्वीकृत बजेट र कार्यक्रमलाई कानुनी प्रक्रियाभित्र रहेर समयमै कार्यान्वयन गर्नु पनि हो। अझै पनि ढिलो भएको छैन। सम्बन्धित १० पालिकाले कहाँ के समस्या छ भन्ने सार्वजनिक रूपमा स्पष्ट पार्दै आवश्यक प्रक्रिया तत्काल पूरा गर्नुपर्छ। कोष तथा लेखा नियन्त्रक कार्यालयले पनि आवश्यक सहजीकरण र समन्वय गर्नुपर्छ। स्थानीय तहका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासनसँग सम्बन्धित अधिकारीले यसलाई प्राथमिकताका साथ लिन आवश्यक छ। स्थानीय सरकारको बैंक खाता नचल्नु भनेको एउटा खातामा कारोबार नहुनु होइन। जनताको सेवा, कर्मचारीको पारिश्रमिक, विकासको गति र बजेट कार्यान्वयनको विषय हो। त्यसैले सिरहाका १० पालिकाको यो समस्या तत्काल समाधान हुनु आवश्यक छ। साथै, किन यस्तो अवस्था आयो भन्ने विषयमा सम्बन्धित पालिकाले जनतासामु जवाफ दिनुपर्छ। जनताले कर तिर्ने, बजेट बन्ने तर बजेट कार्यान्वयन गर्ने आर्थिक संयन्त्र नै समयमै सञ्चालनमा नआउने हो भने स्थानीय सरकारको प्रभावकारिता र जवाफदेहितामाथि प्रश्न उठ्नु स्वाभाविक हो। अब बहाना होइन, प्रक्रिया पूरा गर्ने र परिणाम देखाउने समय हो। यसैले सिरहाका १० वटै पालिकाले आफ्नो जवाफदेहिता वहन गरि नागरिकप्रती जिम्मेवार बन्नुपर्छ। अनिमात्र भूईतहको सरकारको यथार्थ पूरा हुन सक्छ।

# ग्रेजोनको रिपोर्टमाथि सरकार मौन, प्रश्न झन् पेचिलो




## 'ग्रेजोन'ले खोलेको 'पाण्डोराबक्स'



✍ शरद रिजाल

जेनजी विद्रोहलाई पूर्वनियोजित आन्दोलनका रुपमा चित्रण गरेको ग्रेजोनको रिपोर्टबारे पनि सरकारले आफ्नो आधिकारिक धारणा सार्वजनिक गरेको छैन । भ्रष्टाचार अन्त्यको माग गर्दै सुशासनको पक्षमा सडकमा ओर्लिएका आम युवाको मनोभावनाको दुरुपयोग गरेर विदेशी प्रायोजित आन्दोलनमा परिणत गरेको जस्तो गम्भीर आरोप लाग्दा पनि सरकार मौन रहनुले अनेकौं आशंका गर्ने आधार बलियो बनेको छ ।

अमेरिकी सञ्चारमाध्यम ग्रेजोनको नेपालसम्बन्धी रिपोर्ट सार्वजनिक भएपछि जेनजी विद्रोह विशुद्ध परम्परागत दलप्रतिको असन्तोष र सुशासनको मागसहित स्वतस्फूर्त रुपमा सञ्चालित आन्दोलन मात्रै नभएर त्यसमा विदेशी परियोजनाको पनि प्रमुख भूमिका रहेको उक्त रिपोर्ट एउटा प्रमाण हो । त्यसले गत वर्ष भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनलाई परिचालित आन्दोलनको रुपमा नयाँ भाष्य स्थापित गर्दै अनेकौं प्रश्न जन्माउने अवस्था सिर्जना भएको छ । यद्यपि, त्यस आन्दोलनमा स्कुल ड्रेसमा सहभागी भएका विद्यार्थीहरू पवित्र भावनाले सहभागी भएकोमा भने कसैको पनि फरक मत हुन सक्दैन ।

ग्रेजोनमा नेपालको राजनीतिक घटनाक्रममा आधारित रहेर प्रकाशित रिपोर्टमा जेनजी विद्रोहबाट सत्तारोहण गरेका प्रधानमन्त्री बालेन साह, रास्वपाका सभापति रवि लामिछाने र गृहमन्त्री सुधन गुरुङलगायतका नेताहरू अमेरिकी सरकारसम्बद्ध विभिन्न परियोजनाबाट स्थापित गराइएको उल्लेख छ ।

मुलुकमा अहिलेसम्म भएका हरेक राजनीतिक परिवर्तनमा हाम्रो भूराजनीतिक अवस्थितिले गर्दा पनि बाह्य प्रभावका प्रमाणहरु सतहमा आइरहेकै थिए । पछिल्लो जेनजी विद्रोहयताका केही परिघटना पनि शंकास्पद देखिएकै बेलामा ग्रेजोनको रिपार्टले झनै संशय बढाएको छ । जेनजी आन्दोलनको वातावरण तयार पार्न करोडौंको अमेरिकी लगानी गरेर चयनमुखी नेतृत्व स्थापित गरिएको ग्रेजोनको दाबीले जेनजी विद्रोह कतै अमुक पात्रको सत्तारोहणका लागि मात्रै तय गरिएको त होइन ? भन्ने पछिल्लो विकसित राजनीतिक घटनाक्रमले सन्देह उत्पन्न भएको छ ।

गत वर्ष भदौ २३ र २४ गतेको जेनजी विद्रोहले राजनीतिक उलटफेर ल्याउँदै मुलुक नयाँ चरणमा प्रवेश गरेको पनि एक वर्ष पूरा भइसकेको छ । यसबीच गत फागुन २१ को निर्वाचनले रास्वपलाई दुई तिहाइ बहुमत दिलाएर बालेन साह प्रधानमन्त्री बनेका छन् । उनले ६ महिने कार्यकाल पूरा गरिसक्दा पनि जेनजी विद्रोहलाई अझै न्याय दिन नसकेपछि प्रश्न पेचिलो बनेको छ ।

अहिले त जेनजी विद्रोहको सत्यतथ्य छानबिन गर्न गठित आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले नै जेनजी आन्दोलनका क्रममा भएको मानवीय एवं भौतिक क्षतिको पूर्वजानकारी सरकारमा आसिन तत्कालीन नेतृत्वलाई भएको सार्वजनिक रुपमै बताइरहेका छन् ।

उनको अभिव्यक्तिले त झनै बालेन सरकारप्रति आशंका बढाउने काम गरेको छ । जेनजी विद्रोहलाई स्वतस्फूर्त आन्दोलन अर्थात् असंगठित विद्रोहको संज्ञा दिए पनि त्यसमा प्रत्यक्ष भूमिका अहिले सरकारमा रहेको दल र त्यसमा आबद्ध नेताहरुले नै गरेको तथ्य दिनको घाम जत्तिकै छर्लंग छ ।

सत्तासीन रास्वपा र प्रधानमन्त्री बालेन्द्र साहले नै जेनजी आन्दोलनको स्वामित्व लिएर निर्वाचनमा सहभागी हुँदै दुईतिहाइ मतसहित सत्तारोहण गरेका हुन् । त्यसकारण पनि जेनजी आन्दोलनमाथिको दमन र त्यसक्रममा भएको धनजनको क्षतिको यथार्थता सार्वजनिक गर्ने मुख्य दायित्व बालेन सरकारको हो ।

सरकारले जेनजी आयोगको छानबिन प्रतिवेदन कार्यान्वयनमा उदासिनता देखाएर अर्को मानवअधिकार आयोगको प्रतिवेदन समेत गुपचुप राखिएको छ । मानवअधिकार आयोगको प्रतिवेदन सार्वजनिक गरेर त्यसलाई कार्यान्वयनमा लैजाने हो भने प्रधानमन्त्रीसहित मुख्य मन्त्रालय सम्हालेका वर्तमान सरकारका मन्त्री र अधिकांश सांसदहरुमाथि कारबाही गर्नुपर्ने अवस्था छ । त्यही भएर नै त्यसको कार्यान्वयनमा सरकारले अनुदारता देखाउँदै आएको आरोप लागेको छ ।

अर्कोतर्फ, जेनजी विद्रोहलाई पूर्वनियोजित आन्दोलनका रुपमा चित्रण गरेको ग्रेजोनको रिपोर्टबारे पनि सरकारले आफ्नो आधिकारिक धारणा सार्वजनिक गरेको छैन । भ्रष्टाचार अन्त्यको माग गर्दै सुशासनको पक्षमा सडकमा ओर्लिएका आम युवाको मनोभावनाको दुरुपयोग गरेर विदेशी प्रायोजित आन्दोलनमा परिणत गरेको जस्तो गम्भीर आरोप लाग्दा पनि सरकार मौन रहनुले अनेकौं आशंका गर्ने आधार बलियो बनेको छ ।

सरकारले उल्टै ग्रेजोनको रिपार्टबारे सविस्तार ब्याख्या गर्दै सुसूचित गरेका राजनीतिक विश्लेषक भरत दाहाललाई गिरफ्तार गर्नुले आफ्नो कमजोरी लुकाउन खोजेको आभाष दिलाएको छ । सम्बन्धित सञ्चारमाध्यममा प्रकाशित गम्भीर आरोपको खण्डन गर्नुको साटो त्यसमा आधारित रहेर टिप्पणी गरेका पात्रलाई गिरफ्तार गर्नुले कतै सरकार आफ्नो गल्ती लुकाउन अभिव्यक्ति स्वतन्त्रतामाथि नै बन्देज लगाउन खोजेको त होइन ? भन्ने प्रश्न उठेको छ ।

सरकारले आफू विरुद्ध उठेका विषयमा प्रतिशोध साँधेर गैरकानुनी गिरफ्तारी गर्नुभन्दा सम्बन्धित विषयमा स्पष्ट पार्नु नै बुद्धिमतापूर्ण कार्य हुन्छ । त्यसले सरकारप्रति जनताको विश्वास झनै मजबुद भएर कानुनी शासन परिपालनामा टेवा पुऱ्याउँछ ।

त्यस्तै, शनिबार मध्यराति सर्वोच्च आदालतका पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई पनि सरकारले बिना कारण गिरफ्तार गरेको भन्दै सरकारको चौतर्फी आलोचना भएको छ । प्रहरीले जेनजीहरुबाट सुरक्षामा खतरा रहेको भन्दै जबराको निवासबाट पक्राउ गरिएको बताएको थियो । उनीमाथि कुन कसुरका आधारमा पक्राउ गरिएको भन्नेबारे सरकारले स्पष्ट धारणा सार्वजनिक नगरेरै फेरि आइतबार रिहा गरेको छ । यसरी सत्ताको दुरुपयोग गरेरमनोमानीपूर्ण रुपमा धरपकड गर्दा त्यसले कानुनीराज कमजोर भएर सरकारकै निम्ति प्रत्यूत्पादक हुने खतरा रहन्छ ।

अहिले बालेन सरकारको मुख्य दायित्व भनेको जेनजी आन्दोलनको एजेण्डा कार्यान्वयन गर्नु हो । आफ्नो निर्दिष्ट जिम्मेवारीप्रति कटिबद्ध नभएर अनेकौं बखेडा खडा गर्ने पछिल्लो कार्यले सरकारप्रति जनताको अपेक्षामा तुषारापात हुन थालेको छ । यसलाई बेलैमा ध्यान नदिने हो भने जनतामा दिनानुदिन असन्तुष्टि बढ्दै जाने निश्चित छ ।

यसको निवारण सरकारले प्रभावकारी जनपक्षीय काममार्फत गर्नुपर्छ । तर सरकारले त्यसतर्फ कुनै ध्यान नदिनु परम्परागत दलीय चरित्रकै निरन्तरता हो। र, यस्ता कार्यलाई निरन्तरता दिए त्यो स्वयं बालेन सरकारका लागि नै घातक हुनेवाला छ ।

जेनजी विद्रोहमा भएको दमनको सत्यतथ्य पहिल्याएर दोषीलाई कानुनी दायरामा ल्याउन नसक्दा शहिदकी आमाले संसदमै वर्तमान बालेन सरकारसँग विलाप गर्न थालेकी छिन्। अहिलेको संसदमै रहेकी जेनजी शहिदकी आमा रचना खतिवडाले जेनजी शहिदको न्यायका लागि संसदमा आएको बताउँदै संसदमा भक्कानिएर उनले आफू अपमानित हुनुपरेको दुखेसो पोखेकी थिइन् ।

शहिदकी आमाले संसदमै अन्यायमा परेको बताउँदै रुवाबासी गर्नुपर्ने अवस्था आउनु भनेको त्यही जेनजी आन्दोलनको बलमा सत्तासीन भएको बालेन सरकारका लागि लज्जाको विषय हो ।

यतिबेला सरकारले जेनजी विद्रोहको क्रममा सरकारी दमनमा परेर ज्यान गुमाएका विद्यार्थी तथा युवाको हत्याको विषयमा सत्यतथ्य पहिल्याएर दोषीलाई दण्डित गर्नुपर्ने दायित्वबाट विमुख भएर अन्यत्र बरालिएर आफैं अनेकौं प्रश्न उठ्ने वातावरण बनाएको छ । गत वर्ष भदौ २३ गते निहत्था स्कूले विद्यार्थीमाथि गोली हानेर दमन गर्नेहरुलाई कानुनी दायरामा ल्याएमात्रै जेनजी विद्रोहले न्याय पाउँछ। त्यसका लागि कार्की आयोग र मानव अधिकार आयोगको प्रतिवेदन कार्यान्वयन गर्नु नै अहिलेको अपरिहार्य आवश्यकता हो ।

अर्को, भदौ २४ गतेको महाविध्वंशको पनि सत्यतथ्य पहिल्याउँदै त्यसमा संलग्नलाई कानुनी दायरामा ल्याउनु अपरिहार्य छ । अन्यथा, यस्ता घटना भविष्यका लागि गलत नजिर बनेर दोहोरिने खतरा रहन्छ। त्यस विद्रोहले हाम्रो सुरक्षा संयन्त्रको कमजोरी निकै मिहिन ढंगले सतहमा ल्याएको थियो ।

शान्तिपूर्ण आन्दोलनमा बल प्रयोग गरेर स्कुले विद्यार्थीमाथि गोली चलाउने अवस्था किन र कसरी निम्तियो ? र अर्को दिन मुलुकै जलाउने कार्यमा को को संलग्न छन् ? यी दुई परिघटनाको वास्तविकता बाहिर नआउने हो भने यसले जेनजी विद्रोहको स्वामित्व लिएको दाबी गर्ने वर्तमान सरकार र रास्वपा नेतृत्वलाई आजीवन लखेटिरहने छ ।

हरेक हिंसात्मक आन्दोलनले विद्रोही शक्तिलाई सत्तारोहण गराउँदै आए पनि त्यतिबेलाका हिंसात्मक घटनाको न्यायिक निरुपण नगर्ने हो भने युगौंसम्म त्यसको त्रासदी कायमै रहन्छ। जसरी यसअघि माओवादीको दश वर्षे जनयुद्धकालमा भएका गैरन्यायिक हत्याको अहिले पनि अनेकौं कानुनी झमेलाले सम्बन्धित दल र त्यसको नेतृत्वकर्तालाई तर्साइरहेको छ ।

माओवादीको दश वर्षे जनयुद्धले मुलुकको राजनीतिक परिवर्तनमा मुख्य भूमिका खेले पनि त्यसबेलाका कतिपय हिंसात्मक घटनाको अहिले पनि न्यायिक निरुपण नहुँदा अझै द्वन्द्वको घाउ मेटिएको छैन ।

जनयुद्धकालका गम्भीर मानअधिकार उल्लंघन र गैरन्यायिक हत्याको विषयमा सत्यतथ्य पहिल्याउन गठित सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोगले तदारुकताका साथ

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष :** दिन राम्रो छ। तपाईंको काम सहज बन्ने योग छ। परिवारसँग रमाइलो गर्ने अवसर मिल्ने छ। प्रेम सम्बन्ध सुमधुर बन्ला ।

**बृष :** दिन अलि नराम्रो भएकाले काम गर्दा सचेत रहनुपर्नेछ । मन अशान्त बन्ने छ।

**मिथुन :** शुभ दिन छ। दाम्पत्य जीवनमा सफलता मिल्ने छ। सन्तानबाट सन्तुष्टि मिल्ने छ।

**कर्कट :** दिन राम्रो छ । आफूले गरेको कामले मन प्रशन्न हुनेछ । परिवारसँगको सम्बन्ध सुमधुर बन्नेछ।

**सिंह :** दिन राम्रो छ । आफ्नो काममा सन्तुष्टि मिल्ने छ। नयाँ लुगा लगाउन पाइने छ।

**कन्या :** परिवारको साथमा बसेर रमाइलो गर्ने अवसर मिल्ने छ । व्यापारबाट धन बढ्ने छ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।

**तुला :** धार्मिक कार्यबाट दिनको सुरुवातमा गरेका कामले सार्थकता पाउने छ।

**वृश्चिक :** दिन राम्रो रहनेछ । सन्तानबाट खुसी मिल्ने छ । पारिवारिक मेलमिलाप हुनेछ।

**धनु :** स्वास्थ्यको विशेष ध्यान दिनुपर्ने छ । व्यार्थको कार्यमा ऊर्जा, समय र पैसाको खर्च हुनेछ।

**मकर :** मानसम्मान प्राप्त हुनेछ । स्वास्थ्यमा सुधार हुनेछ । राज्यका उच्च अधिकारीबाट हौसला प्राप्त हुनेछ।

**कुम्भ :** भाग्यले साथ दिनेछ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ । धार्मिक क्षेत्रको भ्रमण गर्नका लागि दिन उचित रहेको छ।

**मीन :** मन अशान्त बन्नेछ । आफ्नै काममा असन्तुष्टि बढ्ने छ । स्वास्थ्यको ख्याल नगर्ने बानीले समस्या बढ्ने छ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# असई थमन विक हत्या प्रकरण : चार प्रतिवादी सर्वोच्चमा उपस्थित, साधारण तारिखमा राख्ने आदेश

अपन दैनिक संवाददाता
सिरहा, असोज १५ गते



मधेश आन्दोलनका क्रममा सशस्त्र प्रहरीका असई थमन विकको मृत्यु भएको घटनासँग सम्बन्धित मुद्दा सर्वोच्च अदालतको प्रक्रियामा पुगेको छ। मुद्दाको कानुनी प्रक्रिया अघि बढाउने क्रममा महोत्तरीका चार जना प्रतिवादी सर्वोच्च अदालतमा स्वयं उपस्थित भएका छन्।

महोत्तरी निर्वाचन क्षेत्र नम्बर ३(क) बाट निर्वाचित प्रदेशसभा सदस्य अभिराम शर्मा, जलेश्वर नगरपालिकाका पूर्वनगरप्रमुख रामशंकर मिश्र 'साही', सुरेश पाण्डे र धर्मेन्द्र राय बिहीबार सर्वोच्च अदालतमा उपस्थित भएका हुन्। उनीहरूले सजायबापतको धरौटी बुझाएर सर्वोच्च अदालतमा उपस्थित भई मुद्दाको कानुनी प्रक्रिया अघि बढाएका हुन्। चारै जना उपस्थित भएपछि सर्वोच्च अदालतले उनीहरूलाई साधारण तारिखमा राख्ने आदेश दिएको छ। यससँगै लामो समयदेखि विभिन्न तहका अदालतमा विचाराधीन थमन विक प्रकरणको कानुनी यात्रा सर्वोच्च अदालतसम्म पुगेको छ।

२५ भदौ २०७२ मा मधेश आन्दोलनका क्रममा महोत्तरीको जलेश्रमा घाइते भएका सशस्त्र प्रहरीका असई विकलाई उपचारका लागि लैजाँदै गर्दा बाटोमै मृत्यु भएको थियो। उक्त घटनालाई लिएर लामो समयदेखि अदालतमा मुद्दा चल्दै आएको छ। महोत्तरी जिल्ला अदालतले यस प्रकरणमा अभिराम शर्मासहित सात जनालाई जन्मकैदको फैसला सुनाएको थियो। जिल्ला अदालतको फैसलालाई लिएर मधेशका विभिन्न जिल्लामा विरोधसमेत भएको थियो। जिल्ला अदालतको फैसलामा उच्च अदालत जनकपुरमा साधक सुनुवाइ भएको थियो। साधक सुनुवाइपछि उच्च अदालत जनकपुरले जिल्ला अदालतको फैसला आंशिक रूपमा उल्टाउँदै अभिराम शर्मा, रामशंकर मिश्र 'साही', सुरेश पाण्डे र धर्मेन्द्र रायसहितका प्रतिवादीलाई जनही पाँच वर्ष कैदको सजाय तोकेको थियो।

उच्च अदालतको फैसलामा थमन विकमाथि प्रत्यक्ष रूपमा प्रहार गरेको वस्तुनिष्ठ प्रमाण नदेखिएको उल्लेख गरिएको थियो। यद्यपि अनुसन्धानका क्रममा प्राप्त बयानलगायत प्रमाणका आधारमा उनीहरूलाई ज्यानसम्बन्धी कसुरमा दोषी ठहर गर्दै पाँच वर्ष कैदको फैसला गरिएको थियो। यसै मुद्दामा पूर्वनेकपा एमालेका सांसद लक्ष्मी महतो कोइरीको हकमा भने जिल्ला र उच्च अदालतको फैसला फरक आएको थियो। महोत्तरी जिल्ला अदालतले महतोलाई सफाइ दिएको थियो। तर उच्च अदालत जनकपुरले जिल्ला अदालतको फैसला उल्टाउँदै महतोलाई दोषी ठहर गरी पाँच वर्ष कैदको सजाय सुनाएको थियो।

महतोलाई पनि पाँच वर्ष कैदको सजाय भएपछि धरौटी बुझाएर सर्वोच्च अदालतमा मुद्दा लडिरहेका छन्। यससँगै थमन विक प्रकरणमा उच्च अदालतको फैसलाविरुद्ध विभिन्न प्रतिवादी सर्वोच्च अदालत पुगेका छन्। अभिराम शर्मा, रामशंकर मिश्र 'साही', सुरेश पाण्डे र धर्मेन्द्र राय पक्षले भने सुरुदेखि नै आफूहरूलाई मधेश आन्दोलनसँग जोडेर राजनीतिक पूर्वाग्रहका आधारमा मुद्दा लगाइएको दाबी गर्दै आएका छन्।

उनीहरू निकट नेता तथा समर्थकहरूले आन्दोलनको राजनीतिक नेतृत्व गर्नु र आपराधिक घटनामा प्रत्यक्ष संलग्न हुनु फरक विषय भएको बताउँदै आएका छन्। प्रतिवादी पक्षले आफूहरूमाथि लगाइएको आरोप न्यायिक परीक्षणबाट स्पष्ट हुने दाबी गर्दै आएको छ। उनीहरूले मधेश आन्दोलनका क्रममा सुरक्षाकर्मीको मृत्यु भएको घटनामा आफूहरूलाई झुटा मुद्दामा फसाइएको दाबीसमेत गर्दै आएका छन्।

अभिराम शर्मा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को दल नेताको भूमिकामा समेत रहेका थिए। त्यस्तै, जलेश्वर नगरपालिकाका पूर्वनगरप्रमुख रामशंकर मिश्र 'साही' पनि स्थानीय राजनीतिमा लामो समयदेखि सक्रिय छन्। सर्वोच्च अदालतमा मुद्दाको कानुनी प्रक्रिया अघि बढिरहँदा शर्मा र मिश्रले आफूहरू जनताको सेवामा पुनः सक्रिय रहने बताएका छन्।




# रास्वपा प्रदेश नेताहरूको निष्कर्ष : सरकारको नियत ठिक छ, रवि र बालेनबारे भ्रम फैलाइयो

अपन दैनिक संवाददाता
काठमाडौं, असोज १५ गते



सरकारको ६ महिनाको कामलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रदेशस्तरका नेताहरूले 'सन्तोषजनक' प्रतिक्रिया दिएका छन्।

प्रधानमन्त्रीको सचिवालयले असोज १२ गते सरकारको ६ महिनाको उपलब्धि सर्वाजनिक गरेको थियो।

नीतिगत, कानुनी तथा शासकीय सुधार, सार्वजनिक सेवा प्रवाह तथा डिजिटल रुपान्तरण, शान्ति सुरक्षा तथा सुशासन, विपद् व्यवस्थापन तथा प्रतिकार्य, आर्थिक सुधार, व्यापार तथा लगानी, पूर्वाधार, ऊर्जा तथा कृषि विकास, समावेशी र सामाजिक सुरक्षा, परराष्ट्र सम्बन्ध तथा कूटनीति र संयुक्त राष्ट्र संघको महासभामा नेपालको बलियो उपस्थितिलाई सरकारले प्रमुख उपलब्धि भएको दाबी गरेको छ।

सातै प्रदेशका रास्वपाका नेताहरूले प्रतिक्रिया दिने क्रममा केही कमजोरी भए पनि अहिले नै निराशा हुनुपर्ने अवस्था नभएको प्रतिक्रिया दिए। पार्टी सभापति रवि लामिछाने र वरिष्ठ नेतासमेत रहेका प्रधानमन्त्री बालेन्द्र शाहबिच मतभेदको विषयलाई उनीहरूले मिडिया र विपक्षी दलहरूले फैलाएको भ्रमको रूपमा बुझेका छन्।

आगामी स्थानीय तह र प्रदेश सभा सदस्य निर्वाचनमा रास्वपाको स्थिति बलियो रहेको दाबी गरेका छन्। संघमा झण्डै दुई तिहाइको सरकार भए पनि अन्य दुई तहको सरकारमा पार्टीको उपस्थिति नहुँदा काम गर्न समस्या आएको उनीहरूको जिकिर छ।

गतवर्ष भदौमा जेनजी आन्दोलनले केपी ओली नेतृत्वको तत्कालीन कांग्रेस-एमाले गठबन्धन सरकार ढलेपछि फागुनमा प्रतिनिधिसभा सदस्य निर्वाचन भएको थियो। त्यस निर्वाचनमा नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, मधेशीलगायत परम्परागत राजनीतिक बढारिएका थिए। तर, निर्वाचनमा अभूतपूर्व नतिजा प्राप्त गरेको रास्वपाले सरकार सञ्चालनमा 'ढंग नपुगेको' आरोप लागिरहेको बेला कोशी प्रदेश समितिका सहमहामन्त्री सुरेन्द्र कार्कीले सत्तामा हुँदा रक्षात्मक हुनु स्वाभाविक भएको प्रतिक्रिया दिए।

'सत्ता बाहिर रहँदा जुन शक्ति आर्जन हुन्छ, सरकारमा पुगेपछि रक्षात्मक हुनेरहेछ। रास्वपा रुलिङ पार्टी भएकाले रक्षात्मक हुन स्वाभाविक नै हो। जिम्मेवार तहमा बसेपछि बाहिरको बढी कुरा सुन्नुपर्दो रहेछ,' कार्कीले भने, 'स्थानीय तहमा अहिले राजनीतिक चेतना धेरै नै बढेको पाएँ। संघमा रास्वपाको सरकार भए पनि प्रदेश र स्थानीय तहमा एउटै पार्टीको सरकार नहुँदा समस्या हुँदो रहेछ भन्ने महसुस गरेको पाएँ।'

उनले केही अपवादबाहेक न्यायालय, कर्मचारी, मिडियाको असहयोग गरेको आरोप लगाए। यद्यपि पार्टी सभापति र प्रधानमन्त्रीबिच सम्बन्धमा दरार आएको कुरा कार्कीले अस्वीकार गरे।

'सभापति र प्रधानमन्त्रीबिच मतभेद छैन। उहाँहरू दुवै जना रमाइलो खालका व्यक्ति हुनुहुन्छ। तर, दोस्रो वा तेस्रो तहका नेताहरूबिच केही समस्या देखिएको होला। त्यसको असर थोरै परे पनि बाहिर आएजस्तो कुनै समस्या यहाँ छैन,' उनले भने।

आन्तरिक विवादका कारण अधिवेशन नै रोकिएको मधेश प्रदेशमा सरकार सञ्चालनको विषयमा असन्तुष्टि नदेखिएको तदर्थ समितिका महामन्त्री मनीष कुमार साहले दाबी गरे। संघीय सांसदलगायत केन्द्रका केही नेताहरूले हस्तक्षेपका कारण पार्टीभित्र मतभेद रहेको उनले स्वीकार गरे।

'अहिले नै सरकारप्रति असन्तुष्टि देखिएको छैन। रास्वपा सरकारले काम गर्छ भन्ने मधेशी जनताको विश्वास कायमै छ। आगामी स्थानीय तह र प्रदेश सभा निर्वाचनमा पनि रास्वपालाई नै मत दिन यहाँका जनता उत्साहित देखिएका छन्,' साहले भने, 'जिल्ला र प्रदेशको अधिवेशन हुन सकेको छैन। त्यसबारे शनिबार बस्ने केन्द्रीय समिति बैठकले निर्णय गर्ला। संघीय सांसदले हस्तक्षेप गरे, पार्टी समितिलाई काम गर्न दिएन भन्ने आरोपमा सत्यता छ। संघीय सांसदहरू सुरुदेखि नै पार्टीमा सहभागी भएका, अन्य दलबाट भर्खर प्रवेश गरेकाले समस्या देखिएको हो। अब विस्तारै उहाँहरूले पनि बुझ्दै जानुभएको छ।'

रास्वपा बागमती प्रदेश महामन्त्री मेनुका ठकुरीले सरकार सञ्चालनमा लामो अनुभव नभएकाले केही अलमल हुनु स्वभाविक भएको जिकिर गरिन्। यद्यपि ६ महिनामै निरास भइहाल्नुपर्ने अवस्था नभएको उनको भनाइ छ। ठकुरीले भनिन्, 'स्थानीय नागरिकहरूले पनि सरकारले त्यसरी हेरेका छैनन्। सिक्ने क्रममै रहेका कारण जनअपेक्षा अनुसार काम नभएको, अलिकति अलमलिएको जस्तो देखिन्छ।'

जहाँसम्म पार्टी सभापति र प्रधानमन्त्रीबिच तिक्तता आयो भन्ने कुरा मिडिया र विपक्षी दलहरूले स्वार्थ प्रेरित प्रचार भएको उनले आरोप लगाइन्। 'सहमतिमै बालेनजीले सरकार चलाइरहनुभएको छ। रविजीले पार्टी हाँकिरहनुभएको छ। विभिन्न दलहरूबाट आएर बनेको पार्टी भएकाले स्वार्थको द्वन्द्व हुन सक्छ,' उनले भनिन्, 'विपक्षी दलहरूले पनि रवि र बालेनबिच फाटो ल्याउन सकिए रास्वपालाई कमजोर बनाउन सकिन्छ कि भनेर लागेका हुन सक्छन्। त्यसमा कुनै सत्यता छैन। उहाँहरू दुवै जना सरसल्लाह गरेर नै पार्टी र सरकार सञ्चालन गरिरहनुभएको छ।'

आगामी स्थानीय तह, प्रदेश सभा निर्वाचनलाई लिएर पार्टीप्रति नकारात्मक दृष्टिकोण नबनेको

बाँकी पृष्ठ ४ ▸▸

## ग्रेजोनको रिपोर्टमाथि सरकार मौन ................

काम गर्न नसक्दा हजारौं द्वन्द्वपीडितले अझै न्याय पाउन सकेका छैनन्। त्यसकै उपज माओवादी जनयुद्धलाई अपराधीकरण गर्ने क्रम पनि पछिल्लो समय निकै बढेको छ।

त्यही माओवादीको दश वर्षे जनयुद्धमा भन्दा कैयौं गुणा क्षति जेनजी विद्रोहको दुई दिने अवधिमै मुलुकले व्यहारेको दृश्य हाम्रो सामु जगजाहेर छ। त्यस क्रममा भएको जनधनको क्षतिको वास्तविकता उजागर गर्दै न्यायिक निरुपण नगर्ने हो भने मुलुकमा दण्डहिनता मौलाएर कानुनी शासन कायम गर्न कठिन हुनेछ। मुलुकमा विधिको शासन कायम गर्न र आगामी दिनमा हुने हरेक राजनीतिक आन्दोलनका क्रममा सजग रहेर सुरक्षा प्रदान गर्न पनि त्यतिबेलाका गम्भीर सुरक्षा कमजोरीहरुबाट वर्तमान सरकारले गम्भीरतापूर्वक पाठ सिक्नुपर्दछ।

अन्यथा, माओवादी जनयुद्धकालका कतिपय हिंसात्मक घटनाले अहिलेसम्म त्यसको नेतृत्वमाथि तरबार तेर्सिएजस्तै जेनजी आन्दोलनको हिंसात्मक घटना पनि रास्वपा र वर्तमान सरकारको नेतृत्व गरेका बालेनमाथि आजीवन लखेटिरहने नयाँ हतियार नबन्ला भन्न सकिँदैन। त्यसै कारण समयमै यसको न्यायिक निरुपण गरेर वर्तमान बालेन सरकारले मुलुकमा सुशासन कायम गरेर जेनजी विद्रोहको एजेण्डालाई सार्थकर्ता दिने निर्दिष्ट दायित्व वहन गर्न जरुरी छ।



# सीमा अपराध नियन्त्रणमा निर्मम ढंगले लाग्न सशस्त्र आइजिपी पौडेलको निर्देशन

**अपन दैनिक संवाददाता**
**महोत्तरी, असोज १५ गते**

सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेलले मधेश प्रदेशस्थित सीमा नाकाहरुको अनुगमन गरी सो क्षेत्रमा तैनाथ सशस्त्र प्रहरी कर्मचारीहरुलाई सीमा अपराध नियन्त्रणमा निर्मम ढंगले लाग्न निर्देशन दिएका छन्। बिहीबार मधेश प्रदेशस्थित नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी लगायत मातहत गण, गुल्म तथा बोर्डर आउट पोष्ट र सुरक्षा बेसमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरुलाई उनले सीमा अपराध नियन्त्रणमा ध्यान दिन भनेका हुन्।



अनुगमनका क्रममा महानिरीक्षक पौडेलले सम्बन्धित सरोकारवाला निकाय तथा सीमावर्ती स्थानीय बासिन्दासँग सीमा सुरक्षा एवं समसामयिक विषयमा हाल भइरहेका कामकारबाहीबारे जानकारी लिनुका साथै सो क्षेत्रमा कार्यरत कमाण्डरहरूलाई सीमा क्षेत्रमा हुने अवैध गतिविधिको प्रभावकारी निगरानी, नियन्त्रण तथा रोकथामलाई थप सुदृढ गर्दै उच्च सतर्कता, समन्वय र जिम्मेवारीका साथ कार्यसम्पादन गर्न निर्देशन दिएका छन्।

सीमा ईलाकामा हुने अवैध क्रियाकलाप रोकथाम र नियन्त्रणको लागि समयमा नै योजना बनाई सीमा अपराध तथा राजश्व चुहावट नियन्त्रण कार्यमा प्रभावकारी रुपमा परिचालित भई नतिजामुखी काम गर्न उनले भनेका छन्।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले सीमा क्षेत्रमा सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रमको समेत प्रभावकारी रुपमा संचालन गर्दै लानुपर्नेमा जोड दिए। सीमामा बसोवास गर्ने स्थानीय वासिन्दाहरुसँग सुमधुर सम्बन्ध राख्दै सीमा वारपार गर्ने आम नागरिकहरुको सहजताका लागि समेत ध्यानमा राखी काम गर्नुपर्नेमा उनको जोड छ।

बर्षातको समयलाई मध्यनजर गर्दै बाढी तथा डुवान जस्ता विपद्जन्य घटनामा तत्काल परिचालन हुनसक्ने गरी विपद् व्यवस्थापन तालिम प्राप्त जनशक्तिहरुलाई आवश्यक उद्धारका सामाग्रीसहित तयारी हालतमा रहन समेत निर्देशन दिएका छन्।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले धनुषा जिल्लाको सीमा ईलाकामा पर्ने जटही नाकाको समेत निरीक्षण भ्रमण गरी सो क्षेत्रका स्थानीय वासिन्दासँग भेटघाट गर्नुकासाथै सीमा अवस्था तथा शान्ति सुरक्षा लगायतका विषयमा जानकारी समेत लिएको सशस्त्र प्रहरी प्रधान कार्यालयले जनाएको छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
अपन दैनिक पत्रिका




## सर्पले टोकेपछि स्कुटर चलाएर अस्पताल पुगे, उचित उपचार ............

प्रादेशिक अस्पताल जनकपुर पुगेका थिए। उनले आफूसँगै काकाका छोरा(भाइ)लाई पनि ल्याएका थिए।

अस्पताल पुगेलगत्तै आफै टिकट काटेर भर्ना भएका थिए। त्यसपछि उपचार सुरु भएको थियो।

अस्पताल पुगेको करिब दुई घण्टापछि महेशले असहजता महशुस गर्न थालेको उनका भिनाजु उमेश यादव बताउँछन्। सो क्रममा उनले दुई पटक वान्ता गरेका थिए।




त्यसपछि उनले पेट दुख्न थालेको र घाँटी घेरिएको जस्तो महशुस भइरहेको बताएको उनका भिनाजुले बताए।

'चिकित्सकले महेशलाई आईसीयू वा भेन्टिलेटरमा राखेर उपचार गर्नुपर्ने भन्नुभयो। तर, अस्पतालमा आईसीयू र भेन्टिलेटरका बेड खाली छैनन् भनिन्,' उनका भिनाजु उमेशले भने। अस्पताल स्रोतका अनुसार त्यहाँ १० बेड आईसीयु र तीन बेड भेन्टिलेटर सञ्चालनमा छन्।

तर, अस्पतालमा आईसीयू र भेन्टिलेटरका बेड खाली नभएको भन्दै अन्तिम अवस्थामा अन्यत्र जान भनेर रिफर गरिदिएको उनका भिनाजु उमेशले बताए।

त्यसपछि त्यहाँबाट महेशलाई जनकपुरमै रहेको ओम दीर्घायू अस्पताल लगिएको उनले जानकारी दिए। 'तर त्यहाँ सर्पदंशको औषधि नभएको भन्दै भर्ना लिन मानेन,' उमेशले भने, 'त्यहाँबाट तत्कालै धनुषाको सखुवा महेन्द्रनगरस्थित सर्पदंश उपचार केन्द्र लग्यौं।'

त्यहाँ पनि आईसीयुको सुविधा नभएको भनेपछि महोत्तरीको बर्दिबासस्थित सर्पदंश उपचार केन्द्र लगिएको उमेशले बताए।

'त्यहाँ पुगेपछि चिकित्सकले मृत घोषणा गरिदियो,' उनले भने।

प्रादेशिक अस्पताल जनकपुरको आकस्मिक कक्षका इन्चार्ज डा. शरद यादवका अनुसार महेश अस्पताल आउँदा सुरुमा सर्पदंशको लक्षण देखिएको थिएन। उनलाई एक घण्टा निगरानीमा राखेर उपचार सुरु गरिएको थियो।

अस्पतालमा १० भाइल एन्टी स्नेक भेनम दिइएको उनले बताए। 'पछि सर्पदंशको लक्षण देखिन थालेपछि राति १ बजेर ४० मिनेटमा भर्ना गरियो। र, साढे ४ बजेतिर अन्यत्र रेफर गरिएको हो,' डा. यादवले भने। आईसीयू र भेन्टिलेटर खाली नभएकै कारण महेशलाई रेफर गरिएको उनले बताए।

महेशका भिनाजु उमेश भने अस्पतालले समयमै आईसीयू र भेन्टिलेटर खाली नभएको जानकारी दिएको भए बाहिर लगेर ज्यान जोगिनसक्ने अवस्था रहेको बताउँछन्।

'होसमै आफैं स्कुटर चलाएर आएको बिरामीलाई समेत अस्पतालले बचाउन सकेन। सुरुमै आईसीयू खाली छैन भनेर रिफर गरिदिएको भएपनि ज्यान जोगिने रहेछ,' उनी भन्छन्, 'अवस्था बिग्रिएपछि मात्र भनियो। अस्पतालकै कारण मेरो सालोको ज्यान गएको हो।'

## रास्वपा प्रदेश नेताहरूको निष्कर्ष : सरकारको नियत ............

उनको जिकिर छ। सरकारको नेतृत्व गरिरहँदा तुलनात्मक रुपमा केही असर गरेपनि ठुलो समस्या नभएको ठकुरीको भनाइ छ।

यता गण्डकीका पार्टी सहमहमन्त्री शंकर पन्तले विभिन्न विपत्तिमा ध्यान केन्द्रित गर्नु परेको कारण सरकारले अपेक्षाकृत काम गर्न नसकेको बताए। तर, सरकारले तत्कालीनभन्दा पनि दीर्घकालीन लक्ष्यका साथ काम गरिरहेकाले अहिले नै परिणाम खोज्न नहुने उनको तर्क छ। 'सरकार बाढी पहिरो लगायत विभिन्न विपत्तिमा केन्द्रित हुनुपर्दा राम्रोसँग काम गर्न पाएको छैन। तत्कालीनभन्दा पनि दीर्घकालीन लक्ष्यका साथ काम गरिरहेको छ। सकारात्मक दिशामै सरकारले काम गरिरहेको भन्ने हाम्रो विश्वास छ,' पन्तले भने।

स्थानीय र प्रदेशमा रास्वपाको सरकार नहुँदा काम गर्न सहज नभएको उनको बुझाइ छ। यसबारे पार्टी नेतृत्वलाई रिपोर्टिङ गरिसकेको पन्तले बताए। जहाँसम्म पार्टी सभापति र प्रधानमन्त्रीबिच विवाद आएको कुरा छ, त्यो कांग्रेस, एमालेलगायत विपक्षी दलहरूले फैलाएको भ्रम भएको उनले आरोप लगाए।

'पार्टीभित्र कुनै कुरामा सामान्य विमति हुनु स्वभाविक हो। एक दुई वटा घटनालाई लिएर विवाद देखियो भन्नु तर्कसंगत छैन। त्यसको असर प्रदेश वा स्थानीय तहमा परेको छैन। स्थानीय तह र प्रदेश सभा निर्वाचनलाई लिएर पार्टीप्रति जनविश्वास घटेको छैन,' पन्तले भने।

लुम्बिनी प्रदेशका सहमहामन्त्री विक्रम पौडेल भने सरकारको ६ महिने गतिविधिले पार्टी र नागरिकको भरोसा नटुटेको बताउँछन्।

'पार्टी र सरकारप्रति विश्वास बढ्दै गएको छ। हामी सन्तुष्ट छौं। मिडिया, विपक्षी दलहरू मार्फत केही भ्रम सिर्जना गर्न खोजिएको देखिन्छ। यस विषयमा हामीले प्रदेश सभापति मार्फत वास्तविकता बुझेका छौँ,' पौडेलले भने, 'पार्टी सभापति र प्रधानमन्त्रीबिच सान्दर्भिक विषयमा भेटेरै वा टेलिफोन मार्फत निरन्तर सम्वाद भइराखेको छ। स्थानीय तह र प्रदेश सभा निर्वाचनमा पनि रास्वपालाई नै जिताउनुपर्छ भनेर आम मतदाताहरू उत्साहित देखिन्छ।'

प्रतिनिधिसभा निर्वाचनमा अपेक्षाकृत नतिजा ल्याउन नसकेको कर्णालीमा सरकारप्रतिको भरोसा नटुटेको नेताहरूले दाबी गरेका छन्। महामन्त्री ललित कुमार चन्दले अपेक्षाकृत रूपमा सरकारले काम गर्न नसके पनि सुशासन, नीति, नियम, कानुन निर्माणमा सरकारले पर्याप्त ध्यान दिएको स्पष्ट पारे। सरकारमा सहभागी कसैले पनि भ्रष्टाचार गरेको नदेखिएकाले सकारात्मक रूपमा बुझ्नुपर्ने चन्दको भनाइ छ।

'सरकारप्रति कर्णालीवासीको विश्वास कायमै छ। सरकारले नीति, नियम, कानुन निर्माण लगायत काममा व्यस्त छ। भ्रष्टाचार नभएपछि सुशासन हुन्छ, देश बन्छ भन्नेमा हामी ढुक्क छौं,' उनले भने।

कर्णालीमा पार्टी विकास नहुनुमा महामन्त्री चन्दले दुई वटा कारण प्रस्ट्याए। पहिलो अन्य प्रदेशको तुलनामा कर्णाली दुई वर्षले कान्छो संगठन भएको उनले तर्क गरे। अन्य प्रदेशमा संगठन निर्माण भइसक्दा कर्णालीमा २०८१ सालमा मात्र संगठन बनेको चन्दको भनाइ छ। दोस्रो संघीय संसद्को निर्वाचनमा पार्टीले अपेक्षकृत परिणाम नआउनुमा दुर्गम, भौगोलिक कठिनाइका कारणले भएको उनले बताए।

'यहाँ हेरक दृष्टिकोणले संगठन निर्माण सहज छैन। विगतमा धेरै सरकार बने तर कहिल्यै कर्णाली प्राथमिकतामा परेन। यसपटक हामीले राज्यका हरेक तहमा कर्णालीको सुनिश्चिता हुनुपर्छ भनेर सुझाव दिएका छौं। स्थानीय तह र प्रदेश सभा निर्वाचनसम्म पुग्दा सकारात्मक परिणाम निस्कन्छ भन्नेमा विश्वास छ,' चन्दले भने।

सुदूरपश्चिम प्रदेश समितिका महामन्त्री सन्तोषराज जोशीले प्रधानमनत्री शाहले भनेझैं संघीय राजधानी काठमाडौं र सुदूरपश्चिमबिचको दूरी कम गर्न ६ महिनामै सम्भव नभएको तर्क गरे। त्यसका लागि सरकारले दीर्घकालीन रूपमा योजना बनाइराखेको उनको भनाइ छ। पाँच वर्षका लागि म्यान्डेट पाएको सरकारको काम कारबाहीलाई लिएर अहिले नै मूल्यांकन गर्ने स्थिति नभएको जोशीले बताए।

'हामी सांगठनिक रूपमा व्यापक ढंगले अगाडि बढिराखेको छौं। यो गभर्मेन्टलाई अहिले नै इभ्यालुएसन गरिहाल्नुपर्ने स्थिति छैन। तथापि नागरिकहरूले सुशासनको सवालमा धेरै हदसम्म प्रत्याभूति गर्नुभएको छ। यो सरकारलाई कम्तीमा पाँच वर्ष नागरिक तहबाट निःस्वार्थ भावबाट प्रदेश र स्थानीय तह निर्वाचनमा पर्याप्त मात्रामा म्यान्डेट दिनेगरी ग्राउन्ड बनेको छ,' उनले भने।

दशकौं समय राजनीतिक अधिकारका लागि समय खर्च भएको, निरंकुश पञ्चायत, राजा, राणा शासनलगायत अन्यबाट विचार बन्देज भएपछि अधिकार प्राप्तिका लागि समय गएको पार्टीले अनुभूति गरेको पनि उनले स्पष्ट पारे।

जोशीले भने, 'अहिले पपुलारिज्मको राजनीतिकमा रास्वपा आइपुग्यो। यसलाई बौद्धिकताको राजनीतिमा ढालेर अगाडि बढाउनेगरी हामी लागिराखेका छौं। नागरिको चाहना पनि त्यही छ। रास्वपाको अनुभूति पनि त्यही हो।' उनले अबको पाँच/सात महिना बौद्धिकताको राजनीति मापन गरेर नागरिकलाई डेलिभरी र विकासको प्रत्याभूति गर्ने जिकिर गरे।

महामन्त्री जोशीले पनि रास्वपा सरकार र पार्टीबिच फाटो ल्याउन नेपालका केही पत्रकार, युटुबरले काम गरेको उनले आरोप लगाए। तर नागरिक तहबाट त्यस्तो कुनै प्रतिक्रिया नआएको जोशीको दाबी छ। उनले सञ्चार माध्यम मात्र नभइ कर्मचारीतन्त्र पनि विकासको बाधक रहेको आरोप लगाए।

'डेलिभरी र सुशासनको प्रत्याभूति गराउँदै गर्दा नेपालको कर्मचारीतन्त्रको पनि भूमिका हुन्छ। पहिलो भूमिका नै उहाँहरूको अन्तिम हुनुपर्ने पनि उहाँहरूको हो। राजनीतिक नेतृत्वहरू भनेको म्यानेजमेन्ट लेभलमा बसेर म्यानेज गर्ने हो। तर परिणाम देखाउने कर्मचारीतन्त्रबाटै हो। त्यसैले हिजो असफल पनि कर्मचारीतन्त्रको कारणले भएको हो। आज पनि ललिपप देखाएर काम छैन,' उनले भने।

अहिलेको सरकार त्यसविरुद्ध एक्सनमा गएको कारण एग्रेसिभ देखिएको जोशीको बुझाइ छ। सिस्टम बनेपछि सरकारले एग्रेसिभ अभ्यास देखाउन आवश्यक नभएको उनको तर्क छ। महामन्त्री जोशीले पार्टी सभापति र प्रधानमन्त्री शाहबिच कुनै खटपट नभएको दाबी गरे। नेपालका मिडियाहरू र अस्थिरताको राजनीतिक चाहनेहरूले फैलाएको भ्रम भएको उनको भनाइ छ।

संघको निर्वाचनमा आम मतदाताले जसरी रास्वपालाई मत खन्याए त्यसैगरी स्थानीय तह र प्रदेश सभा निर्वाचनमा पनि अत्याधिक मत दिने उनले दृढ विश्वास व्यक्त गरे।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।
अपन दैनिक
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

